# वारागुङ मुक्तिक्षेत्र गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : १ कागबेनी, मुस्ताङ, संख्या :३ मिति : २०७७ साल अषाढ २५

## भाग-१

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विनियोजन ऐन**

**वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन**

**प्रस्तावनाः** वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकाले ,

नेपालको सविधानको धारा २२९ को उपधारा २ वमोजिम वारागुङ मुक्तिक्षेत्र गाउँसभाले यो ऐन बनाएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ** :(१) यस ऐनको नाम वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विनियोजन ऐन २०७७ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक बर्ष २०७७/०७८ को निमित्त गाउँ कार्यपालिका,वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.२६२३४७०५०/-(अक्षरुपी छब्बीस करोड तेइस लाख सतचालिस हजार पचास रुपैयाँ मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** :(१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक वर्ष २०७७/०७८ को निमित्त वारागुङ मुक्तिक्षेत्र गाउँ कार्यपालिका,वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ

कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुने एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा वढी शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तिय व्यवस्थापन तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षक तर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत सावा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची १

दफा (२) सँग सम्वन्धित

नेपालको सविधानको धारा २२९ उपधारा २ वमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.स. | अनुदान संख्या | शिर्षकको नाम | चालु खर्च,पूँजिगत खर्च , वित्तीय ब्यबस्था समेत गरि जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | | वारागुङ मुक्तिक्षेत्र गाउँकार्यपालिका,वडा समिति , बिषयगत शाखाको चालु तथा पुँजिगत खर्च | २६२३४७.०५० | सँघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण शसर्त अनुदान तथा आयोजना तोकेर प्राप्त रकम समेत समावेश गरिएको । |

आज्ञाले ,

चिरन्जीबी बराल

प्रमुख प्रशासकीय अधिकृत